संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या - ७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल जेठ ११ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:३० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै नेपाली काँग्रेसका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिएर बोल्नको लागि समय माग गर्नुभएपछि सम्माननीय सभामुखले आज आकस्मिक, शून्य र विशेष समयको कार्यक्रम नहुने भन्नुहुँदै आजको कार्यसूचीमा नीति तथा कार्यक्रममाथि छलफल र सम्माननीय प्रधानमन्त्रीले उक्त छलफलको जवाफ दिने कार्यक्रम रहेको, अध्यादेश स्वीकृत गर्ने कार्यक्रम रहेको, सभामा भैरहेको अवरोधको विषयमा समाधान गर्ने गरी कार्यदलले कार्य गरिरहेकोले माननीय सदस्यहरुले आसन ग्रहण गरेर निर्धारित कार्यक्रममा नै बोल्नुहुन एवं कार्यसूची बमोजिमको कार्यक्रम अगाडि बढाउन सहयोग गर्नुहुन पटक पटक आग्रह गर्नुहुँदा पनि नेपाली काँग्रेसका माननीय सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिई बोल्नको लागि समय माग गरिरहनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रमहरु सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८१ साल जेठ १३ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको १२:३५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव